ललितपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
Lalitpur Metropolitan City
Pulchowk, Lalitpur, Bagmati Province, Nepal

## बहुउद्देश्यीय एवं विषयगत सहकारी संस्थाले आफ्नो उद्देश्य अनुरूप संचालन गर्ने कार्यक्रममा साझेदारी गर्ने कार्यक्रममा सहभागी हुने बारे

## सहकारी संस्थाहरूलाई सूचना ।

मिति : २०८२/०९/२४
ने.सं. ११४६ पोहेलागाः पञ्चमी

प्रस्तुत विषयमा यस महानगरपालिकाको चालु आ.व. २०८२/०८३ मा सहकारी तर्फ सि.नं. ३ मा **बहुउद्देश्यीय एवं विषयगत सहकारी संस्थाले आफ्नो उद्देश्य अनुरूप संचालन गर्ने कार्यक्रममा साझेदारी गर्ने** कार्यक्रम रहेकाले तपसिल बमोजिमका आधारहरू पूरा गरेका इच्छुक सहकारी संस्थाहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. ललितपुर महानगरपालिकाको नियमन क्षेत्र भित्रका सहकारी संस्थाहरूलाई मात्र यस कार्यक्रममा सहभागी गराइने छ ।
२. २०८१/०८२ सम्मको विवरण बुझाई अध्यावधिक भएको सहकारी संस्थाहरूलाई मात्र यस कार्यक्रममा सहभागी गराइने छ ।
३. बचत तथा ऋण बाहेकका (बहुउद्देश्यीय र विषयगत सहकारी संस्था) सहकारी संस्थाहरू मात्र यस कार्यक्रममा सहभागी गराइने छ ।
४. सहभागी हुने सहकारी संस्थाले कार्यक्रम संचालन गर्दा ५०% रकम लगानी गर्नुपर्नेछ ।
५. कार्यक्रमको कुल लागतको ५०% वा रु. ५,००,०००/- (पाँच लाख) मध्ये जुन कम हुन्छ सोही रकमसम्म मात्र महानगरपालिकाले लागत व्यहोर्ने छ ।
६. सहकारी संस्था आफैले स्वीकृत उद्देश्य अनुसार संचालन गर्ने व्यवसायका लागि मात्र यस कार्यक्रममा सहभागी गराइने छ ।
७. सहकारी संस्थाले कार्यक्रमको योजना बनाई प्रस्तावना पेश गर्नुपर्नेछ ।
८. प्राप्त भएका कार्ययोजना मूल्याङ्कन गरी कार्यक्रममा सहभागी गराइनेछ ।

(सहजित राई)
निर्देशक